# झोलुङ्गे पुल रणनीति, २०७८

बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

# विषय सूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| ३.लक्ष्य | २ |
| ४.उद्देश्य | २ |
| ५. रणनीतिः | ३ |
| ६. कार्यनीतिः | ३ |
| ७. कार्य सिद्धान्त | ४ |
| ८. प्रदेश सरकार तथा स्थानीय तहहरूको भूमिका | ५ |
| ९. कार्यान्वयन तथा कार्ययोजना | ६ |
| १०. अनुगमन तथा मूल्याङ्कन | ६ |
| ११. पुनरावलोकन | ६ |


बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव



प्रमुख सचिव

## १. पृष्ठभूमि

नेपालको शासन व्यवस्था सुदृढीकरणका लागि ३ आश्विन २०७२ मा संविधान सभाबाट नेपालको संविधान जारी भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको छ । संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुनेछ भनी उल्लेख गर्दै यी तीन तहको अधिकारहरू अनुसूचीमा समावेश गरेको छ । संविधानको धारा २३२ अनुसार यी तीन तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

नेपालको संविधान अनुसार राज्यका नीतिहरू अन्तर्गत "यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने" नीति रहेको, बागमती प्रदेशको आ. व. २०७८/०७९ को नीति तथा कार्यक्रममा सडक पुल सम्भाव्य नभएका स्थानहरूमा वैकल्पिक कनेक्टिभिटीको रूपमा झोलुङ्गे पुल सम्बन्धी अध्ययन तथा निर्माण कार्यलाई अगाडी बढाइने छ साथै झोलुङ्गे पुल निर्माण गर्न स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग गरिने भनी नीति उल्लेख भएको, बागमती प्रदेशको पहिलो आवधिक योजनामा बागमती प्रदेशमा योजनाको अन्त्य सम्ममा आवश्यक झोलुङ्गे पुल निर्माणमा जोड दिने साथै लामो तरिको झोलुङ्गे पुलको अध्ययन तथा विकास गर्ने रहेको छ। साथै प्रादेशिक भौतिक योजना अनुरूप झोलुङ्गे पुलहरूको अवस्था बारे सुची (Inventory) तयार गर्ने र आवश्यक मर्मत सम्भारका लागि प्राथमिकता निर्धारण गर्ने प्रमुख कार्यक्रम रहेको छ ।

झोलुङ्गे पुलसँग सम्बद्ध विभिन्न संस्थाहरूले अपनाउने प्रविधि, स्ट्यान्डर्ड, नर्म्स तथा स्पेसिफिकेशनमा एकरूपता ल्याउन तथा समान कार्यान्वयन प्रक्रिया अपनाउन झोलुङ्गे पुल रणनीति, २०६२ स्वीकृत गरी लागू गरिएको अवस्था विद्यमान छ । यस रणनीतिको दिशानिर्देशन तथा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम सञ्चालन निर्देशिका २०६६ अनुरूप सन् २००९ देखि २०१४ सम्म पहिलो, सन् २०१४ देखि २०१९ सम्म दोस्रो गरी दुई चरणमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम सम्पन्न भइसकेको छ । सन् २०१९ देखि २०२३ सम्म झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको तेस्रो चरण अन्तर्गत २४०० वटा नयाँ झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य सहित कार्यान्वयन चरणमा रहेको छ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्यान्वयनको फलस्वरूप आ.व. २०७७/७८ (सन् २०१९/२०) को अन्त्यसम्म आई पुग्दा देश भित्र निर्माण सम्पन्न झोलुङ्गे पुलहरूको संख्या ९६८२ पुगेको छ भने अझै करिब २४०० झोलुङ्गे पुलहरू निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ । त्यस्तै



प्रदेश सचिव

प्रमुख सचिव

बागमती प्रदेशमा हालसम्म १५०९ वटा झोलुङ्गे पुलहरूको निर्माण भइसकेको अवस्था छ भने हाल करिब २५० झोलुङ्गे पुलहरू निर्माणका लागि माग भएको छ । अतः विद्यमान अवस्थालाई मध्यनजर गर्दै आगामी दुई वर्ष भित्र आवश्यक थप झोलुङ्गे पुलहरू निर्माण सम्पन्न गर्ने उद्देश्य राखी लागु गरिएको झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम तेस्रो चरण हाल कार्यान्वयनमा छ ।

हालको परिवर्तित संघीय संवैधानिक प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार झोलुङ्गे पुल निर्माणको जिम्मेवारी एवं अधिकार स्थानीय स्तरमा रहेको छ । यसैले साबिकका जिल्ला समन्वय समिति/जिल्ला प्राविधिक कार्यालयबाट सञ्चालित क्रमागत झोलुङ्गे पुल आयोजनाहरू मध्ये छोटो तरिको झोलुङ्गे पुलहरू स्थानीय तह तथा लामो तरिको झोलुङ्गे पुलहरू प्रदेशमा हस्तान्तरण भएका छन् ।

अतः झोलुङ्गे पुल रणनीति, २०६२ ले गरेको दिशानिर्देशन अनुरूप स्थानीय जनतालाई पैदल मार्गमा आवतजावत गर्न पायक पर्ने सम्भाव्य स्थानमा झोलुङ्गे पुलको सुविधा उपलब्ध गराउन, आगामी पाँच वर्ष भित्रमा बागमती प्रदेशका स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलहरूको निर्माण, हालसम्म निर्मित सम्पूर्ण झोलुङ्गे पुलहरूको नियमित, आवधिक र बृहत् मर्मत सम्भार गरी बागमती प्रदेश भित्रका जनतालाई आधारभूत स्तरको सेवा पुऱ्याउन र परिवर्तित सन्दर्भमा प्रदेश, स्थानीय तह र विकास साझेदारको भूमिका स्पष्ट पार्न आवश्यक भएकोले बागमती प्रदेश झोलुङ्गे पुल रणनीति, २०७८ तर्जुमा गरी लागू गरिएको छ । यसमा उल्लेख भएका विषय वस्तुहरूको हकमा यसै बमोजिम तथा अन्यको हकमा संघीय झोलुङ्गे पुल रणनीति, २०६२ बमोजिम हुनेछ।

## २. लक्ष्य

स्थानीय जनताको आधारभूत सेवा, आर्थिक अवसर तथा श्रोतको पहुँचमा अभिवृद्धि भई गरिबी निवारणमा टेवा पुऱ्याउने ।

## ३. उद्देश्य

झोलुङ्गे पुलको निर्माण र सञ्चालन गरी स्थानीय स्तरमा भरपर्दो यातायात सुविधा उपलब्ध गराउने ।

प्रदेश सचिव

प्रमुख सचिव

## ४. रणनीतिः

४.१. स्थानीय जनतालाई पैदल मार्गमा नदी, खोला तथा खोल्सा तर्न आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्ने ।

४.२. निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरूको मर्मत सम्भार गरी आधारभूत स्तरको यातायात सेवा उपलब्ध गराउने ।

४.३. झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनमा स्थानीय तहलाई आवश्यक सहयोग र समन्वय गर्ने।

## ५. कार्यनीतिः

उपरोक्त रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति अवलम्बन गरिनेछन् ।

**५.१. स्थानीय जनतालाई पैदल मार्गमा नदी, खोला तथा खोल्सा तर्न आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्नेः**

५.१.१. स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र सम्भाव्य सबै स्थानहरूमा झोलुङ्गे पुलहरू निर्माण गरिनेछ।

५.१.२. माथि उल्लिखित ५.१.१ अनुसारको लक्ष्य हासिल गर्न स्थानीय तहको सहकार्यमा आवश्यक र सम्भाव्य झोलुङ्गे पुलहरूको पहिचान गरी गुरुयोजना निर्माण गरिनेछ।

५.१.३. पहिचान भएका स्थानमा प्राथमिकताको आधारमा क्रमशः झोलुङ्गे पुल निर्माण गरिनेछ।

५.१.४. आवश्यक झोलुङ्गे पुलहरूको निर्माण आगामी पाँच वर्षभित्र सम्पन्न गरिनेछ।

५.१.५. झोलुङ्गे पुल निर्माणको लागि प्रदेश तथा स्थानीय तहलाई प्राविधिक सेवा प्रदान गर्न आवश्यकता अनुसार संघ, प्रदेश र विकास साझेदार संस्थाको सहकार्यमा प्राविधिक सेवा प्रदान गर्ने संस्था राख्न सकिनेछ ।

**५.२. निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरूको मर्मत-सम्भार गरी आधारभूत स्तरको दिगो पूर्वाधार बनाउने ।**

५.२.१. निर्माण सम्पन्न भएका सम्पूर्ण झोलुङ्गे पुलहरूको विवरण झोलुङ्गे पुल सूचना प्रणालीमा व्यवस्थित गरी हरेक वर्ष अद्यावधिक गरिनेछ ।

बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव



प्रमुख सचिव

५.२.२. सम्पन्न झोलुङ्गे पुलहरूको नियमित तथा बृहत् मर्मतको लागि स्थानीय तह सँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

५.२.३. बजेट विनियोजन गर्दा नयाँ निर्माण भन्दा मर्मत-सम्भार गर्नुपर्ने झोलुङ्गे पुलहरूलाई प्राथमिकता दिइनेछ ।

**५.३. झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनमा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने:**

५.३.१. गुरुयोजना अनुसार झोलुङ्गे पुल निर्माणका लागि स्थानीय तह सँग आवश्यक समन्वय गरिनेछ ।

५.३.२. झोलुङ्गे पुलहरू निर्माणका लागि स्थानीय तहलाई प्राविधिक सहयोग आवश्यक परेमा प्राविधिक सहयोग प्रदान गरिनेछ ।

५.३.३. स्थानीय तहले गुरुयोजना भित्रका झोलुङ्गे पुल निर्माणको लागि सिफारिस गरेमा प्राथमिकताको आधारमा बजेट विनियोजन गरी झोलुङ्गे पुल निर्माण गर्न सकिनेछ ।

५.३.४. प्रदेश तथा स्थानीय तहमा कार्यरत प्राविधिकहरूलाई झोलुङ्गे पुल सर्भे, डिजाइन र निर्माण सम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ ।

## ६. कार्य सिद्धान्त

६.१. प्राविधिक रूपमा जटिल प्रकृतिका Multi span तथा लामो तरि (LSTB Type) का झोलुङ्गे पुलहरूको निर्माण ठेक्कापट्टा " Lump sum Contract / Construction Turnkey Package " प्रणाली अनुसार गरिनेछ भने ग्रामीण क्षेत्रमा निर्माण गरिने छोटो तरि (SSTB Type) का झोलुङ्गे पुलहरूको निर्माण उपभोक्ता समिति मार्फत प्रचलित कानुन बमोजिमको प्रक्रिया अवलम्बन गरी गरिनेछ । उपभोक्ता समितिबाट निर्माण गरिने झोलुङ्गे पुलहरूको डिजाइन, सामुदायिक परिचालन र निर्माण कार्यको लागि प्राविधिक सहयोग आवश्यक परेमा प्रचलित कानुन बमोजिम गैर सरकारी संस्था मार्फत सेवा लिन सकिनेछ ।

६.२. ३५० मि. भन्दा बढी लम्बाइका झोलुङ्गे पुलहरू सामाजिक/आर्थिक सम्भाव्यता अध्ययन (Socio-Economic Study) पश्चात् मात्र निर्माण गरिनेछ ।

६.३. व्यावसायिक तथा पर्यटकीय सम्भावना भएका झोलुङ्गे पुलहरू निर्माणको लागि सार्वजनिक निजी साझेदारी (Public-Private Partnership) को अवधारणालाई प्रोत्साहन गरिनेछ।



प्रदेश प्रमुख

प्रमुख सचिव

६.४. संघ तथा स्थानीय तह सँग समन्वय गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश तहमा झोलुङ्गे पुल क्षेत्रगत समन्वय समिति (Trail Bridge Sectoral Coordination Committee) गठन गरिनेछ ।

६.५. झोलुङ्गे पुलहरूको निर्माण गर्दा संघीय झोलुङ्गे पुल रणनीति, २०६२ ले निर्दिष्ट गरे अनुरूप पुल सम्बन्धी Technical Standards, Norms, Manuals हरूको पूर्ण रूपमा परिपालना गरिनेछ ।

## ७. प्रदेश सरकार तथा स्थानीय तहहरूको भूमिका

### ७.१. प्रदेश सरकारको भूमिका

७.१.१. स्थानीय तहबाट निर्माण गर्न सम्भव नदेखिएका तथा प्राविधिक रूपमा जटिल प्रकृतिका Multi Span Trail Bridge तथा लामो तरि (LSTB Type) का झोलुङ्गे पुलहरूको निर्माण प्रदेश सरकारले गर्नेछ ।

७.१.२. स्थानीय तहले प्राविधिक रूपमा जटिल प्रकृतिका Multi Span Trail Bridge, लामो तरि (LSTB Type) का झोलुङ्गे पुल निर्माण गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

७.१.३. प्रदेश भित्र सञ्चालन हुने झोलुङ्गे पुल कार्यक्रमको वित्तीय व्यवस्थापन तथा प्राविधिक सहयोग (Technical Assistance) को लागि नेपाल सरकार तथा विकास साझेदार निकायहरू सँग समन्वय गर्नेछ ।

७.१.४. निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरूको विवरण झोलुङ्गे पुल सूचना प्रणालीमा व्यवस्थित गरी हरेक वर्ष अद्यावधिक गर्नेछ ।

७.१.५. प्रदेश तथा स्थानीय तहबाट योजना बमोजिम निर्माण गरिने झोलुङ्गे पुलको लागि आवश्यक फलामे लट्ठा खरिद गरि उपलब्ध गराउन सकिनेछ ।

### ७.२. स्थानीय तहहरूको भूमिका

७.२.१. स्थानीय तहहरूले आफ्नो क्षेत्र भित्र सञ्चालन गर्नुपर्ने झोलुङ्गे पुल कार्यक्रमको वित्तीय व्यवस्थापन तथा प्राविधिक सहयोग (Technical Assistance) को लागि संघ, प्रदेश सरकार तथा विकास साझेदार निकायहरू सँग समन्वय गर्न सक्नेछन् ।

प्रदेश सचिव



प्रमुख सचिव

७.२.२. स्थानीय तहबाट निर्माण गर्न सम्भव छोटो तरि (SSTB Type) का झोलुङ्गे पुलहरूको निर्माण स्थानीय तह आफैले गर्नेछन् । प्राविधिक रूपमा जटिल प्रकृतिका Multi Span Trail Bridge तथा लामो तरि (LSTB Type) का झोलुङ्गे पुल निर्माण गर्न चाहेमा आवश्यक प्राविधिक सहयोगको लागि संघीय/प्रदेश सरकार तथा विकास साझेदार निकायहरू सँग समन्वय गर्न सक्नेछन् ।

७.२.३. जुनसुकै निकायबाट निर्माण भएता पनि निर्माण सम्पन्न भई हस्तान्तरण हुन आएका झोलुङ्गे पुलहरूको स्वामित्व लिई त्यस्ता झोलुङ्गे पुलहरूको नियमित तथा आवधिक मर्मत सम्भारको जिम्मा स्थानीय तहहरूको हुनेछ ।

७.२.४. स्थानीय तहले झोलुङ्गे पुल निर्माण गर्दा झोलुङ्गे पुल गुरुयोजनामा आधारित भएर प्राथमिकताका आधारमा गर्नेछन् ।

७.२.५. स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्र रहेका झोलुङ्गे पुलहरूको नियमित मर्मत कार्य पुल संरक्षक मार्फत गराउनको लागि आवश्यक बजेटको व्यवस्था गर्नेछन् । साथै नियमित मर्मत कार्य सुनिश्चित गर्न नियमित अनुगमनको व्यवस्था मिलाउने छन्।

## ८. कार्यान्वयन तथा कार्ययोजना

८.१. यो रणनीति प्रदेश सरकारले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

८.२. यस रणनीतिको कार्यान्वयनको लागि सम्बद्ध निकाय, संघ, संस्था एवं सरोकारवाला सँग छलफल र अन्तरक्रिया गरी कार्ययोजना तयार गरिनेछ ।

## ९. अनुगमन तथा मूल्याङ्कन

यस रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाइनेछ ।

## १०. पुनरावलोकन

यस रणनीतिलाई प्रभावकारी तथा समसामयिक बनाउन आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

प्रदेश सचिव



प्रमुख सचिव